# निस्दी गाउँपालिकाको कर्मचारी कार्यबोझ अनुसारको सेवा सुविधा तोक्न बनेको ऐन, २०७६

**प्रस्तावनाः** निस्दी गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरुको समायानुकुल सेवा सुविधा तोक्न तथा कार्यबोझ अनुसारको केही थप सेवा सुविधा उपलब्ध गराउन वाञ्छनीय भएकाले संविधानको धारा २२६ को उपधारा १ बमोजिम यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "कर्मचारी सेवा सुविधा तोक्न बनेको ऐन, २०७६" रहेको छ ।

यो ऐन संवत २०७६ असार २२ देखि निस्दी गाउँपालिकामा लागू हुनेछ ।

**२. गाउँ सभा वस्दाको सेवा सुविधाः** क. निस्दी गाउँपालिकाको आ.व. २०७६।०७७ को गाउँ सभा संचालन गर्न तथा जेष्ठ असार महिनाको कार्यबोझ  व्यवस्थापन गर्न कर्मचारीहरुले  योगदान गरेवापत थप सेवा सुविधा उपलब्ध गराइनेछ ।

ख. प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख लाई १.५ महिनाको तलब बराबर सेवा सुविधा उपलब्ध गराइनेछ ।

ग. पुष्पा ज्ञवाली कोमानसिं सुनारी, गणेश फाल र देव बहादुर खन्गाह लाई १ महिनाको तलब बराबर सेवा सुविधा उपलब्ध गराइनेछ

घ. सम्झना देवकोटा, गोबिन्द कुम्हार, मनोज लामिछाने लाई ०.५ महिनाको तलब बराबर सेवा सुविधा उपलब्ध गराइनेछ ।

ङ. कार्यपालिकाका दुवै कार्यलय सहयोगीहरुलाई १ महिनाको तलब बराबर थप सेवा सुविधा उपलब्ध गराइनेछ ।

**३. कर्मचारी प्रोत्साहन :** क) स्थायी कर्मचारीहरुलाई निस्दी गाउँपालिकाभित्र आकर्षित गर्न उपदफा ख) बमोजिम थप सेवा सुविधा उपलब्ध गराइनेछ ।

ख) निस्दी गाउँपालिकाभित्र कार्यरत स्थायी कर्मचारीहरु तथा नयाँ आउने स्थायी कर्मचारीहरुलाई गाउँपालिकाको आन्तिरिक श्रोबाट ब्यहोर्ने गरी मासिक रु पच्चिस सय सेवा सुविधा उपलब्ध गराइनेछ ।

**४. अन्य कर्मचारी मासिक सुविधाः** क) गाउँपालिकामा कार्यरत अन्य कर्मचारीहरुको सेवा सुविधा थप गरिनेछ ।

ख) वडाहरुमा कार्यरत वडा सहायकहरुलाई निजामति मुखिया सरह सेवा सुविधा उपलब्ध गराइनेछ ।

ग) गाउँ कार्यपालिकामा कार्यरत कार्यालय सहयोगीहरुलाई निजामति कार्यलय सहयोगी प्रथम स्तर सरह सेवा सुविधा उपलब्ध गराइनेछ ।

घ) गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरुको मासिक सुविधा रु पन्ध्र हजार गराइनेछ ।